हिस्ट्रीफर्स्ट २०२३
ऐतिहासिक विश्लेषण संस्थान (इह)को तत्त्वावधान र मदनपुरस्कार पुस्तकालयको सहकार्यमा
दोस्रो कार्यशाला
२०८० वैशाख ४ - जेठ ३२

हिस्ट्रीफर्स्ट कार्यक्रम नेपाली इतिहासका स्रोतसामग्रीको सतर्क विवेचना गर्न सिकाउने एउटा कार्यशाला शृङ्खला हो। हिस्ट्रीफर्स्ट २०२३ यसै शृङ्खलाको दोस्रो कार्यशाला हो। यी कार्यशालाका सामूहिक, आलोचनात्मक र अन्त:क्रियात्मक सत्रमा इतिहासका आकरको गतिलो विश्लेषण गर्न चाहिने सीप सिकाइन्छ। ठाउँमै गएर इतिहासका सामग्री भेट्टाउने र त्यसरी पाएका सामग्रीको सूचीकरण, संरक्षण र प्रचार गर्ने, तिनको पाठ र सन्दर्भको समालोचना गर्ने र इतिहासलेखनमा तिनको महत्त्व ठम्याउनेजस्ता कौशल पर्छन्।

हिस्ट्रीफर्स्ट कार्यशाला नेपाली इतिहासमा दीर्घकालीन महत्त्वका विषय र बहस बुझ्न चाहनेहरूका लागि उपयोगी छन्। कार्यशालामा तिनले प्राचीन शिलाभिलेख, मध्यकालिक कानूनी लिखत र कर्मकाण्ड ग्रन्थ, सरकारी कागतपत्र र समकालीन मौखिक स्रोतको खोजमेल गर्ने विधि जान्ने अवसर पाउनेछन्। कार्यशालाका सहभागीले नेपाली इतिहासमा दावी अथवा कथन कसरी रूढ हुन्छन्, ती कसरी पुनरूत्पादित हुन्छन् र कहिलेकाहीँ कसरी विनिर्मित पनि हुन्छन् भन्ने छलफलमा भाग लिन पाउनेछन्।

इतिहासलेखनको मूलधार र विकल्पसम्बन्धी दखल नभएका र विशेष भाषिक अथवा प्रविधिगत ज्ञान नभएकाहरूले पनि यी कार्यशालाबाट लाभ लिन सक्नेछन्। तपाईंसित इतिहासका विविध बान्की र बूँदाबारे गहन जिज्ञासा छ, सीधै प्राथमिक स्रोतसामग्रीसम्म आफ्नो पहुँच बढाई इतिहासका विभिन्न आयामलाई खुलस्त पार्ने इच्छा छ भने यो कार्यशालामा भाग लिन सक्नुहुन्छ।

**पाठ्यक्रम**

हिस्ट्रीफर्स्ट कार्यक्रम अन्तर्गत दोस्रो कार्यशालाको पाठ्यक्रमलाई विषय, कालखण्ड, अनुसन्धान-बुँदा, इतिहासलेखनको दृष्टिकोण र बाटोका आधारमा जम्मा पाँच वटा शीर्षकमा बाँडिएको छ। सबै शीर्षकका गतिविधिमा उत्तिकै सक्रिय रूपले संलग्न भए पनि सहभागीहरूले आ-आफ्नो रूचि र क्षमता हेरी कुनै विशेष खण्डसित सम्बन्धित सीप विकास गर्न सक्नेछन्। प्रत्येक शीर्षक अन्तर्गत छलफल गर्नुपर्ने पाठ्यसामग्री उपलब्ध हुनेछन्। ऐतिहासिक खोज, चिन्तन र लेखनका वास्तविक अवसरमा संलग्न गराइनेछ। आफ्ना विचारलाई सुस्पष्ट र विश्वसनीय ढंगले प्रस्तुत गर्ने प्रेरित गरिनेछ। छलफल र प्रस्तुतीका सातामा दुईटा गरी दुई-दुई घण्टा लामा सत्र हुनेछन्। स्थलगत भ्रमण र अन्वेषणका लागि भने चार घण्टासम्म छुट्ट्याउनु व्यावहारिक हुनेछ। साथै, सम्बन्धित व्यक्ति अथवा संस्थाले दिएको समय-तालिका अनुसार सहभागीहरूले आफ्नो समय मिलाउनु पर्ने हुनसक्छ।

**शिलाभिलेख**

सत्र १: पाठ्यसामग्री

महेशराज पन्त। २०७९। चाबहिलको (शक) सम्वत् ४२१ शिलालेख। *पूर्णिमा* १४५:४-२५।

श्यामसुन्दर राजवंशी। २०७५। चारुमती विहार र धन्दो चैत्यका द्विखण्डीय एक अभिलेख प्रकाश। *अभिलेख* ३९:१-१२।

काशीनाथ तमोट। सन् २०१९। चाबहीया महामुनि मूर्तिलेख प्राप्तिया वृत्तान्त। https://medium.com/nepalmandal/चाबहीया-महामुनि-मूर्तिलेख-प्राप्तिया-वृत्तान्त-8f0f357d3aa मा उपलब्ध।

सत्र २: चाबहिलको स्थलगत भ्रमण।

सत्र ३: मानदेवको शिलालेखको महत्त्व: प्रतिमालक्षण, बौद्धधर्म, र कालक्रम।

**पुष्पिका**

सत्र ४: पाठ्यसामग्री

लुसिआनो पेटेक। सन् १९८४। *मिडीइभल हिस्ट्री अफ नेपाल, करिब सन् ७५०-१४८२*। दोस्रो संस्करण। रोम: इन्स्टिट्युटो इटालिआनो पर इल मेडिओ एस्ट्रिमे ओरिएन्टे। ३१-७६ पृष्ठ।

डिल्लीरमण रेग्मी। सन् १९६५। *मिडीइभल हिस्ट्री अफ नेपाल। १ भाग*। कलकत्ता: फर्मा के एल मुखोपाध्याय। ५१-१९९ पृष्ठ।

सत्र ५: आशा सफूकुथिमा स्थलगत अध्ययन भ्रमण।

सत्र ६: राजनीतिक, सामाजिक र वैचारिक इतिहासमा हस्तलिखित ग्रन्थको महत्त्व

**ताडपत्र लिखत**

सत्र ७: पाठ्यसामग्री

बर्नाड कोल्फर र हेमराज शाक्य। सन् १९८५। *डक्युमेन्ट्स फ्रम दि रूद्रवर्णमहाविहार। १ भाग: सुक्रीबिक्री र बन्धकी पत्र*। १३-१०० पृष्ठ। सांक्त अगस्टिन: फेगेहा।

महेशराज पन्त। २०७०। नेवारराज्यका कानूनी लिखत। *ल कमिशन जर्नल* १:१-५२।

सत्र ८: ताडपत्र लिखतको प्रयोग अध्ययन।

सत्र ९: ताडपत्र लिखतको महत्त्व: अर्थतन्त्र, कानून अध्ययन र सामाजिक संरचना।

**सरकारी कागतपत्र**

सत्र १०: पाठ्यक्रम

योगेश राज, दीपक अर्याल र शमिक मिश्र। सन् २०१६। डक्यूमेन्ट्स रिलेटिड टु अर्ली हस्पिटल्स इन नेपाल। *स्टडीज इन नेपाली हिस्ट्री याण्ड सोसाइटी* २१(२): ३४७-४००।

बन्दना ज्ञवाली। सन् २०१८। दि उद्योग परिषद पेपर्स, १९९१-२००२: फाइन्यान्सिङ इण्डस्ट्रीज इन लेट राना-इरा नेपाल। *स्टडीज इन नेपाली हिस्ट्री याण्ड सोसाइटी* २३(२):४२९-४८०।

सुरभि पुडासैनी। २०७९। रूलिङ हाउसहोल्ड्स याट रेस्ट याण्ड अन द मूव: नोट्स अन सर्भेन्ट्स, गूड्स, याण्ड प्र्याक्टिसिज फ्रम अ १९१८ भिएस डक्यूमेन्ट। *पूर्णिमा* १४५:४८-१५६।

सत्र ११: राष्ट्रिय अभिलेखालयमा स्थलगत अध्ययन भ्रमण

सत्र १२: राजकीय रिकर्डलाफ बुरुदा: उँचनीच, व्यवस्था र यथास्थिति

**स्मृति र मौखिकता**

सत्र १३: पाठ्यक्रम

योगेश राज। सन् २०१६। स्ट्रक्चर्स अफ ओरालिटी। २९औँ अन्तरराष्ट्रिय मौखिक इतिहास सम्मेलन, १७ जून-१ जुलाइ, बेंगलुरू, भारतमा आयोजित समापन सत्रमा पढिएको सम्भाषाण।

ग्रेगोरी मास्क्यारिनेक। २०६९। *रात्रिका निर्देश*। अनु. शिलु घिमिरे। काठमाडौ: अक्सफर्ड इन्टर्न्याशिनल पब्लिकेशन्ज प्रा लि। १७३-२१९ पृष्ठ।

सत्र १४: अडियो रिकर्डिङ्स: http://epopee.huma-num.fr/corpus.php

सत्र १५: मौखिक स्रोतको महत्त्व: स्मृति, संस्कार र सीमान्त

**अभ्यासको रूपमा इतिहासलेखन**

सत्र १६: पाठ्यक्रम

जगदीशचन्द्र रेग्मी। २०२३। *अंशुवर्मा: एक अध्ययन*। बनारस: दीपक प्रेस।

जगदीशचन्द्र रेग्मी। २०५३। *प्राचीन नेपालको राजनीतिक इतिहास*। ललितपुर: साझा प्रकाशन।

जगदीशचन्द्र रेग्मी। २०७६। *नेपालमा ब्राहमणहरूको संक्षिप्त इतिहास*। काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार।

सत्र १७: श्रीजगदीशचन्द्र रेग्मीसँग अन्त:क्रिया।

सत्र १८: जगदीशचन्द्र रेग्मीको कृतित्व: इतिहासमा पहिचान र कर्तृत्व।

गृहकार्य: कार्यशाला समापन भएको तीन महिनाभित्र करिब ५००० शब्द लामो आलेख, २५ फोटोको अल्बम, अथवा १०-मिनेट लामो वृत्तचित्र।फिल्म।

कार्यशालाको मिति: वैशाख ४ गतेदेखि जेठ ३२ गतेसम्म
(प्रत्येक सोमवार र बिहीवार, विहान ७ देखि ९ बजे)
स्थान: यल माया केन्द्र, पाटनढोका
पाठ्यसामग्री शुल्क: रू ८०००

निवेदन दिने अन्तिम मिति: २०७९ चैत्र १९ गते (थप गरिएको)
संख्या: १५ जना

**आवश्यक योग्यता**
कार्यशालामा भाग लिन नेपाली इतिहासलेखनसम्बन्धी पूर्वज्ञान अथवा कुनै विशेष भाषा र प्रविधिबारे जानकारी आवश्यक छैन। ऐतिहासिक स्रोतसामग्रीको परिशीलन गर्ने कार्यशाला भएकाले आफ्नो मातृभाषा लगायत कुनै एउटा शास्त्रीय भाषाको सामान्य ज्ञान हुनु लाभदायक हुनसक्छ। रिकर्डिङ गर्ने, प्रतिलिपि वा छवि उतार्ने र श्रव्य-दृश्य सामग्रीको उत्पादन र सम्पादनबारे सामान्य प्राविधिक ज्ञान उपयोगी हुनेछ।

**नाम दर्ता गर्न निवेदन दिने**
कार्यशालामा सहभागी हुन चाहनु हुन्छ भने आफ्नो निवेदन, व्यक्तिगत विवरण (सिभि), र कार्यशालामा आफ्नो रूचि खुल्ने गरी ३०० शब्दमा नबढाई एउटा छोटो निबन्ध लेखेर बुझाउन सक्नुहुन्छ। यो लेखमा नेपाली इतिहाससम्बन्धी तपाइँको रूचि झल्किनु पर्नेछ र ऐतिहासिक स्रोतसामग्रीलाई बुझेर इतिहासका विभिन्न पक्ष र प्रश्न सुल्झाउने तपाइँको ईच्छा अभिव्यक्त हुनुपर्नेछ। निवेदन बुझाउनअघि, कार्यशालाका संयोजकहरू बन्दना ज्ञवाली (ईमेल: bandanagyawali@gmail.com) अथवा दीपक अर्याल (ईमेल: deepakaryal@gmail.com) सँग पाठ्यक्रम, पाठ्यसामग्री, अथवा तपाईको रूचि र सीपलाई यो कार्यशालाले कसरी सम्वृद्ध गर्नसक्छ भन्ने विषयमा छलफल गर्न प्रात्साहित गरेका छौँ।

अभिमुखीकरण: कार्यशाला सत्र शुरू हुन एक साता पहिले।

निवेदन दर्ता गर्न सम्पर्क:
राजीव सिंह
ईमेल: rajeev@mpp.org.np
फोन: ०१-५५२३९३